# तिनपोखरी सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. : ०८२।०८३ | मिति : २०८३।०१।२२

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मिति २०८३।०१।२२)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८२/०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा कटान गरिएका रुखहरुवाट उत्पादन भई वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीलाई छुट्टाई बाँकी घाटगद्धीमा राखिएका तपसिल बमोजिमका गोलिया काठ र दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ३५३४ मिति २०८३।०१।१७ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकाशित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मुल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | आ.व. ०८१।०८२ को आपूर्ति फिर्ता साथै आ.व. ०८२।०८३ को पुनरुत्पादन कटान तर्फको ग्राङ नं. २,३,४ र ५ को काठ तथा दाउरा | साल | A | ७ | १२४.२ | १२५० | १५५२५० | ४२१८८६ | |
| | | साल | B | ५५ | ६०३.९१ | ९०० | ५४३५१९ | | |
| | | साल | C | १५४ | ७६७.२१ | ६०० | ४६०३२६ | | |
| | | साल | D | ३९ | ७३.०८ | ३०० | २१९२४ | | |
| | | असना | A | १ | १४.९४ | ४०० | ५९७६ | | |
| | | असना | B | ४ | ४३.६५ | ३०० | १३०९५ | | |
| | | असना | C | २२ | ८५.३८ | १०० | ८५३८ | | |
| | | खोटेसल्ला | A | ११ | १७७.८३ | २५० | ४४४५७.५ | | |
| | | खोटेसल्ला | B | ५५ | ४४०.६६ | १५० | ६६०९९ | | |
| | | जम्मा | | ३४८ | २३३०.८६ | | | | |
| | | साल दाउरा | | | १.७५ | १२००० | २१००० | ४२७५० | |
| | | अन्य दाउरा | | | ०.७५ | ४००० | ३००० | | |
| | | जम्मा | | | २.५० | | १३४३१८५ | ४६४६३६ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८३/०२/११ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८३/०२/१२ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट प्रति टेण्डर फाराम वापतको रु. २,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

# तिनपोखरी सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि, ठाडा शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००१९६९००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नु पर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।१४ गते विहान ११:०० वजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री तिनपोखरी सा.व.उ.स.को काठ, दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. संघीय वन नियमावली, २०७९ को नियम २५ को उपनियम ५ बमोजिम बोलपत्र सदर भएको फर्मले बोलपत्र सदर भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी बाँकी प्रकृया अगाडी बढाईने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८३ साल बैशाख महिनाको २२ गते रोज ०३ मा शुभम् ......................।

CamScanner